आज मिति २०७९ साल श्रावण ६ गते बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री बन्धु प्रसाद बास्तोलाको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति बर्दियाको बैठक बसी निम्नानुसार को निर्णय गरियो ।

उपस्थिति

प्र.जि.अ. श्री बन्धु प्रसाद बास्तोला जि. प्रशासन कार्यालय अध्यक्ष
प्रमुख श्री सुर्य बहादुर थिटर जिल्ला समन्वय समिति
नग. प्रमुख श्री मुक्तिनाथ यादव, गुलरिया नगरपालिका
" " श्री दिपेश थारु राजापुर "
श्री खड्क बहादुर खड्का बाँसगढी "
" श्री तेज बहादुर भाट मधुवन "
" श्री तिलकराम लम्साल ठाकुरबाबा "
" श्री दविलाल थारु बारबर्दिया "
अध्यक्ष श्री हिमालय गिरी बढैयाताल गाउँपालिका
" श्री नमान सिं के.सी. गेरुवा "
स.प्र.उ. श्री जहर सिंह बुढा मगर सशस्त्र प्र. बल गण
प्र.उ. श्री विरेन्द्र बहादुर शाही जि. प्रहरी कार्यालय
उप.आ.नि. श्री प्रज्वल खड्का राष्ट्रिय अनुसन्धान
सेनानी श्री प्रविन थापा वज्रदल गण, सुरक्षा गुल्म
जि.ज.अ. श्री गोकर्ण गिरी स्वास्थ्य कार्यालय
सि.डि.ई. भूपाल लुलाधर बबई सिंचाई आयोजना, बर्दी
सुरेश कुमार शुक्ला - लो० स० पा० नेपाल जिल्लाध्यक्ष
मलखे पाध्ये - जसपा नेपाल जिल्ला सचिव
जग्गा प्रसाद पाण्डे नेपाली कांग्रेस, जिल्ला सचिव
युवराज खनाल, राष्ट्रिय जनमोर्चा, बर्दिया अध्यक्ष
कमल प्रसाद शर्मा - सभापति, ने० रे०स०, बर्दिया
कमला घिमिरे ने.क.पा समाजवादी पार्टी
डिल ब० के.सी. नेकपा एकीकृत समाजवादी जि. उपाध्यक्ष
शालिकराम अधिकारी - के.इ.पा. कमल थापा
इन्द्र कुमार श्रेष्ठ उद्योग वाणिज्य संघ व. उपाध्यक्ष
मनोज विक्रम थापा न.क.पा. माओवादी केन्द्र अध्यक्ष
नरेन्द्र के.सी. कारितास नेपाल
कृष्ण भट्टराई नागरिक उन्मुक्ति पार्टी
सिद्धराजपुरा पाठे जनमत अध्यक्ष
रामकली रिजाल प्रि.ज.का. ठाकुरबाबा न.पा.
प्रिया पाण्डेय, स.प्र.जि.अ. बर्दिया
विकास अधिकारी DTMO DEOC बर्दिया

निर्णय

१. अघिल्लो बैठकबाट भएका निर्णयहरुको समिक्षा तथा विपद्वाट भए गरेका वा देखिएका समस्याहरुका बिषयमा छलफल गरियो ।

२. मिति २०७९ साल जेठ २८ गते आएको हावाहुरीवाट यस जिल्लामा ठूलो क्षति भएको विवरण प्राप्त भएको हँदा उक्त हावाहुरीवाट प्रभावित परिवारहरुलाई संलग्न सूची वमोजिम प्रहरी मूचुल्का सहित सम्बन्धित वडा कार्यालयवाट सिफारिस भै आएका निवेदनहरुलाई राहत उपलब्ध गराउनका लागि लुम्विनी प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग अनुरोध गर्ने । साथै हालसम्म प्राप्त भएको विवरण तपसिल अनुसार रहेको र बाँकी विवरण प्राप्त भए पश्चात पठाइने छ ।

३. बर्षाको समयमा आउने बाढी लगायतको विपद्लाई मध्यनजर गर्दै आफूहरुसंग रहेको श्रोत साधनहरुको अद्यावधिक सहित मातहत सवै निकायहरुलाई तयारी अवस्थामा रहन र सामाग्रीको मौज्दात अद्यावधिक गरी दुरुष्त राख्न स्थानीय तह सुरक्षा निकाय विषयगत कार्यालय लगायत सवै सरोकारवालाहरुलाई अनुरोध गर्ने ।

४. जिल्ला प्रशासन कार्यालय बर्दियावाट विभिन्न समयमा विपद्वाट प्रभावित भई मिति २०७८ माघ २७ गते देखि २०७९ साल असारमसान्तसम्म आगलागीवाट १८ घर परिवारलाई २०८०००।-, डुबानबाट ५ घरपरिवारलाई २४५००।-, हावाहुरीवाट १८ घरपरिवारलाई २९४५००।- र हावाहुरी तथा आगलागीवाट मृत्यू भएका २ जनाको नजिकको हकदारलाई ४०००००।- गरी जम्मा रु. ९,२७,०००।- वितरण भएको रकम अनुमोदन गर्ने ।

५. प्रदेश सरकारबाट विभिन्न समयमा वर्षावाट प्रभावित ५ घरपरिवारलाई ८५०००।-, आगलागीवाट प्रभावित १ घरपरिवारलाई रु. २००००।-, हावाहुरीवाट प्रभावित १ घरपरिवारलाई रु. २००००।- र कोभिडवाट मृत्यू भएका ८८ जनाको रकम प्राप्त भएकोमा ४७ जनालाई वितरण भएको रु. ४७,००,०००।- गरी जम्मा रु. ४८२५०००।- अनुमोदन गरी प्रदेश सरकारमा जानकारी पठाउने ।


६. बर्दिया जिल्लाको कर्णाली नदीको चिसापानी र ववई नदीको चेपाङ्गमा रहेका गेज रिडरहरुलाई बर्षाको समय असार देखि असोजसम्म प्रोत्साहन स्वरुप ४ महिनाको लागि प्रति व्यक्ति मासिक रु. ६०००।- का दरले हुन आउने रु. ४८,०००।- प्रोत्साहन भत्ता उपलब्ध गराउनु पर्ने भएको हुँदा कर्णाली नदीको गेज रिडरलाई उपलब्ध गराउनु पर्ने जम्मा रु. २४,०००।- राजापुर नगरपालिकालाई तथा ववई नदीको गेज रिडरलाई उपलब्ध गराउनु पर्ने जम्मा रु. २४,०००। वारबर्दिया नगरपालिकालाई उपलब्ध गराउन अनुरोध गर्ने ।

Scanned with CamScanner

७. वर्दिया जिल्लामा केही दिन यता कोभिड-१९ संक्रमणको दर बढेको देखिएकाले जनस्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना, खोप लगाउन छुट भएका र तेस्रो मात्रा (वुष्टर डोज) नलगाएकाहरुलाई खोप लगाउने व्यवस्था मिलाउन, सम्भावित लक्षण देखिएकाहरुलाई एन्टिजेन वा पिसिआर परिक्षणको व्यवस्था मिलाउन तथा स्वास्थ्य संस्थाहरुलाई कोभिड-१९ उपचारको लागि तयारी अवस्थामा राख्न वर्दिया अस्पताल, स्वास्थ्य कार्यालय र सबै स्थानीय तह तथा सरोकारवालाहरुलाई अनुरोध गर्ने ।

८. यस वर्षको मनसून र वाढीलाई मध्यनजर गर्दै नेपाल रेडक्रस सोसाइटी, बर्दिया जिल्ला शाखा र विश्व खाद्य कार्यक्रम वीच मौसम विज्ञान विभागको सूचनाका आधारमा वाढी आएने पूर्वानुमानको घोषणा गरेका राजापुर, मधुवन र ठाकुरवावा नगरपालिका तथा गेरुवा गाउँपालिकाका कर्णाली नदी तटीय क्षेत्रमा वसोवास गर्ने संकटासन्न समुदायमा नगद सहयोग कार्यक्रम संचालन गरिने वारे वैठकमा जानकारी गराइयो ।

९. राष्ट्रिय राजमार्ग तथा अन्य सडकहरुको छेउछाउमा रहेका सुकेका तथा जोखिमयुक्त देखिएका रुखहरु हटाउन नियमानुसार प्रक्रिया अगाडि वढाउन डिभिजन वन कार्यालय तथा अन्य सरोकारवाला निकायमा अनुरोध गर्ने ।



Scanned with CamScanner